नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र,
टेकु, काठमाडौं

# २८औं विश्व एड्स दिवस २०७२ (डिसेम्बर १, २०१५)
# प्रेस विज्ञप्ति

**काठमाडौं, २०७२ मंसिर १३ गते:** आधुनिक मानव ईतिहासमा छोटो अबधि मै अत्यन्त तीव्ररत रुपले फैलिएर विश्वव्यापी महामारीको रुप लिएको एचआइभी तथा एड्स विगत तीन दशकदेखि निरन्तर जनस्वास्थ्य, सामाजिक तथा आर्थिक लगायतका क्षेत्रहरुको निम्ति चुनौतीको रुपमा रहेको छ। सन् २०१४ को अन्त्यसम्म संसारभरमा तीन करोड सत्तरी लाख व्यक्तिहरूमा एचआईभी संक्रमण भएको अनुमान गरिएको छ भने नेपालमा ३९ हजार २४९ जनामा एचआइभी संक्रमण भएको अनुमान छ। ती मध्ये पुरुषको संख्या २५ हजार ४४९ र महिलाको संख्या १३ हजार ८०० रहेको छ। नेपालका बयस्क (१५ वर्षदेखि ४९ वर्षको उमेर समुहमा) जनसंख्याको ०.२ प्रतिशतमा एचआइभी संक्रमण (प्रिभ्यालेन्स दर) छ। नेपालमा करिब ८५ प्रतिशत एचआइभी संक्रमण असुरक्षित यौनसम्पर्कको माध्यमबाट सरेको पाइएको छ। नेपालको बर्तमान एचआईभीको अबस्थालाई केन्द्रीकृत महामारी (अर्थात कन्सन्ट्रेटेड इपिडेमिक) को रुपमा परिभाषित गरिन्छ। यसको अर्थ एक वा सो भन्दा बढी एचआइभी सर्नसक्ने जोखिममा रहेका समूहमा एचआईभी संक्रमण दर ५ प्रतिशत भन्दा बढी तर सामान्य जनसंख्यामा एचआईभी संक्रमण दर १ प्रतिशत भन्दा कम हुनु हो। नेपालमा एचआईभी संक्रमणको उच्च जोखिममा रहेका समुहहरु जस्तैः सुईद्वारा लागूपदार्थ प्रयोगगर्नेहरु, यौनकर्मी, पुरुष समलिगीं तथा तेस्रोलिगीहरु र रोजगारीका लागि बिदेशिनेहरु हुन्। यी मध्ये सुईद्वारा लागूपदार्थ प्रयोगगर्नेहरु र पुरुष समलिंगी यौनकर्मीहरुमा संक्रमणदर अरु जोखिम समूह भन्दा उच्च छ। नेपालमा एचआइभी तथा एड्स सम्बन्धि कियाकलापहरु राष्ट्रिय एचआईभी एड्स रणनीति २०११ २०१६ ले निर्देश गरे अनुरुप संचालित छन्।

## सहश्राब्दी विकास लक्ष नं ६ को प्राप्ति

"एड्स महामारीको प्रकोपलाई रोक्ने र घटाउने" सहश्राब्दी विकास लक्ष्य प्राप्त भएको छ। सन् २००० को तुलनामा विश्वव्यापी ३५ प्रतिशतले नयाँ संक्रमण घटेको छ भने ५८ प्रतिशतले बच्चाहरुमा हुने संक्रमण कम भएको छ। यसैगरी, सन् २००४ (सबैभन्दा धेरै एड्ससम्बन्धी मृत्यु भएको बर्ष) को तुलनामा ४२ प्रतिशतले मृत्यु घटेको छ। सन् २०१० को तुलनमा ८४ प्रतिशतले एआरभी उपचारमा पूहँच बढेको छ भने हाल संसारभरका १ करोड ५८ लाख मानिसहरुको एआरभी उपचारमा छन्। यसै अबधीमा नेपालले नयाँ संक्रमणलाई ८० प्रतिशतले र एड्ससम्बन्धी मृत्यूलाई सन् २००७ (नेपालमा सबैभन्दा धेरै एड्ससम्बन्धी मृत्यु भएको बर्ष) को तुलनामा २२ प्रतिशतले घटाएको छ भने सन् २०१० को तुलनामा १४६ प्रतिशतले एआरभी उपचारमा पूहँच बढेको छ।

## विश्व एड्स दिवस

एचआइभी र एड्स सम्बन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षण गर्दै वृहत्तरूपमा जनचेतना जगाउने र भावी कार्यक्रमको लागि बहुपक्षीय संलग्नता र सहभागिता बढाउने अभिप्रायले सन् १९८८ देखि हरेक वर्ष डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवस मनाइने गरिन्छ। एड्स विरुद्ध विश्व अभियान कार्यक्रममा ऐक्यबद्धता जनाउनको लागि विश्वभरका सबै सरकारी, गैरसरकारी तथा निजी संघ संस्थाहरू, नागरिक समाज, संचार माध्यम लगायत सबै क्षेत्र र वर्गका व्यक्तिहरू एकजुट भई यो दिवस मनाइने गरिन्छ।

## विश्व एड्स दिवस २०१५

एचआइभी संक्रमणदरलाई अझै घटाउँदै लैजाने र एड्सको महामारीलाई अन्त्य गर्ने दिगो विकास लक्ष्य (Sustainable Development Goal) तथा एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सम्बन्धी कार्यक्रमलाई तिब्रता (Fast-tracking AIDS response) दिनका लागि एड्स विरुद्ध विश्व अभियान अन्तर्गत **"दिगो विकास लक्ष्य प्राप्तिको लागि एड्स महामारीको अन्त्य" (Ending the AIDS epidemic as part of Sustainable Development Goal)** मूल नाराका साथ यस वर्षको विश्व एड्स दिवस मनाईदैछ। यो मूल विषय तथा नाराले एड्सको महामारीलाई अन्त्य गर्नका लागि हाल गरिरहेका कृयाकलापहरुलाई तिब्रता दिन आवश्यकता विभिन्न अनुसन्धानहरु तथा कार्यक्रमहरुले देखाएको छ। जस अनुसार सन् २०२० सम्मको लागि ९०:९०:९० (अर्थात ९० प्रतिशत संक्रमितहरुले आफ्नो संक्रमण अवस्थाबारे थाहा पाउने, ती मध्ये ९० प्रतिशतको औषधी उपचारमा पहुँच हुने र ती औषधी खानेहरु मध्ये ९० प्रतिशतको शरीरमा भाइसरको भार (भाइरल लोड) न्यून भएको हुने) महत्वाकांक्षी तर प्राप्त गर्न सकिने लक्ष्य राखिएको छ। यी लक्ष्यहरु हालै मात्र नेपाल लगायत बिश्वले प्रतिबद्धता जनाएको दिगो विकास लक्ष्यको अंगको रुपमा लिईएको छ। यस लक्ष्यलाई हासिल गर्नका

लागि सरकारी, गैरसकारी र निजी संघसंस्थाहरू, दातृ निकायहरू, संचार माध्यम, नागरिक समाज, समुदाय, घरपरिवार तथा व्यक्तिहरूलाई एकजुट भई सक्रिय रूपमा कार्यरत रहन आह्वान गरेको छ ।

**अन्त्यमा**

विश्वमा एचआइभी पत्ता लागेको ३४ वर्ष पुगिसकेको छ भने विश्व एड्स दिवस मनाउन थालेको २८ वर्ष भइसकेको छ । नेपाल लगायत विश्वव्यापीरूपमा नै एचआइभीको नयाँ संक्रमण घट्दै गइरहेको छ, एचआइभी र एड्स सम्बन्धी लाञ्छना तथा भेदभाव कम हुँदै गइरहको छ भने हेरचाह र सहयोग लगायत एआरभी औषधि उपचारमा पहुँच बढ्दै गएर एड्सको कारणबाट हुने मृत्युमा पनि कमी आएको छ । यी सबै उल्लेखनीय सफलता हासिल हुनुको पछाडि सरकारी, गैरसकारी र निजी संघसंस्थाहरू, दातृ निकायहरू, संचार माध्यम, नागरिक समाज, समुदाय, घरपरिवार तथा व्यक्तिहरूका, उल्लेखनीय र अतुलनीय योगदान रहेको छ । अझै पनि एचआइभीको अवस्था थाहा नपाएकाहरुलाई सर्वसुलभ परामर्श र परीक्षणबाट भेटाउने र सवै संक्रमितहरुलाई बेलैमा उपचार, हेरचाह र स्याहार सेवा प्रदान गर्नुपर्ने टड्कारो आवश्यकता छ । एड्सको महामारीलाई अन्त्य गर्नका लागि हामी सबैको प्रतिबद्धता, प्रयास र लगानीलाई अझ रणनीतिक, सशक्त, सुदृढ र तीब्र बनाउन जरूरी छ र यसका लागि विश्व एड्स दिवस २०१५, मूल समारोह समिति हार्दिक आह्वान गर्दछ ।

**एचआइभी र एड्स सम्बन्धी थप जानकारीको लागि सम्पर्क राख्नुहोस् :**

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र, टेकु www.ncasc.gov.np
जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरू
एचआइभी, एड्स तथा यौनरोग नियन्त्रणका क्षेत्रमा कार्यरत संघसस्थाहरू

.............................
.
डा. दिपेन्द्र रमण सिंह
निर्देशक